# कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
तरकारी विकास निर्देशनालय
खुमलटार, ललितपुर

# कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४

**प्रस्तावना**

कृषि प्रधान मुलुक नेपालमा करिब ६५ प्रतिशत भन्दा बढि घरपरिवारहरु मुख्यतः आयआर्जन र रोजगारीका लागि कृषिमा निर्भर रहेता पनि निर्वाहमुखी तथा परम्परागत कृषिका कारण अपेक्षितरुपमा कृषिमा व्यवसायीकरण, आधुनिकिकरण तथा औद्योगिकिकरण नहुदा कृषकको आयस्तरमा उल्लेख्य सुधार हुन सकेको छैन, फलतः नेपालमा करिब २३ प्रतिशत जनताहरु गरिबीको रेखामुनी रहेको तथ्याँक रहेको छ भने गरिबीको दर ग्रामिण तथा दुर्गम क्षेत्रमा अझै धेरै रहेको छ । नेपाल कृषि प्रधान मुलुक त हुदै हो प्राकृतिक सुन्दरता, भौगोलिक, सामाजिक तथा सास्कृतिक विविधताको धनी देश भएका कारण विश्वभरबाट नेपाल घुम्न आउने पर्यटकको सँख्या दिन प्रतिदिन बृद्धि हुदै गइरहेको छ भने आन्तरिक पर्यटककारुपमा देशका विभिन्न भूभागमा घुम्न जाने स्वदेशीहरुको सँख्या पनि उल्लेख्य मात्रामा बृद्धि भैरहेकोछ । प्राकृतिकरुपमा सुन्दर, विविधतायुक्त तथा स्नेही एवँ सहयोगी स्वभाव भएका जनजातीहरुको वस्ती भएका मुलुकका केही स्थानहरु ग्रामिण कृषि पर्यटन केन्द्रका रुपमा विकास हुन थालेको परिप्रेक्ष्यमा ग्रामिण क्षेत्रको प्राकृतिक कृषि र पर्यटनलाइ जोडेर ग्रामिण कृषक घरधुरीको आयस्तरमा बृद्धि गरि ग्रामिण अर्थतन्त्र लाइ सबल बनाउदै रोजगारीका थप अवसरहरुको सृजना गरि गरिबी निवारणमा टेवा पुर्याउने उद्धेश्यले महानगरपालिका / उपमहानगरपालिका / नगरपालिका / गाउँपालिकाहरुमा सम्भावित कृषि पर्यटन स्थानको पहिचान गरी सरकारी सहयोगको साथै निजी क्षेत्रको सक्रिय सहभागितामा कृषि पर्यटन कार्यक्रम सँचालन गर्नका लागि चालु आ.व. को बार्षिक स्विकृत कार्यक्रममा निजी क्षेत्रसँगको साझेदारीमा प्रतिस्पर्धामा आधारित अर्गानिक कृषि पर्यटन / अर्गानिक भिलेज / Modern Green Tour Village स्थापनाकालागि ५० प्रतिशत अनुदान कार्यक्रम कार्यान्वयन गर्नका लागि बाञ्छनीय भएकाले **कृषि पर्यटन प्रवर्द्धन कार्यान्वयन कार्यान्वयन कार्यविधि,** २०७४ स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १. सँक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम **कृषि पर्यटन प्रवर्द्धन कार्यान्वयन कार्यविधि,** २०७४ हुनेछ ।

ख) यो नेपाल सरकारबाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ ।

### २. कार्यविधि लागु हुने क्षेत्रः

यो कार्यविधि नेपाल भर लागू हुनेछ । तर यस कार्यविधि लाइ आधारमानी सूचना प्रवाह गर्दा सूचनामा जुन जुन जिल्लाहरु/ महानगरपालिका /उपमहानगरपालिका / नगरपालिका / गाउँपालिका उल्लेख भइ प्रस्ताव आव्हान हुन्छ यो कार्यविधि तिनै जिल्लाहरु वा स्थानीय तहहरुमा लागु भएको मानिनेछ ।

### ३. परिभाषाः

क ) **"कृषि पर्यटन"** भन्नाले कुनै पर्यटन जसले ग्रामिण क्षेत्रमा प्रमुख रुपमा प्राकृतिक, दिगो तथा जैविक कृषिमा आधारित भइ ग्रामिण जीवन, कला, सँस्कृति तथा सम्पदाहरुको प्रवर्द्धन मार्फत स्थानीय समुदायलाइ आर्थिक एवँ सामाजिक रुपमा लाभ प्रदान गर्दछ ।

ख) "**अनुदानग्राही**" भन्नाले यस कार्यक्रम सञ्चालन गर्नका लागि छनौट भएका होमस्टे सँचालक/ व्यवस्थापन समिति वा कृषि पर्यटन प्रवर्द्धन/ सञ्चालक/व्यवस्थापन समिति वा कृषि व्यवसाय/ कृषि पर्यटन व्यवसायमा आवद्ध निजी क्षेत्र बाट सञ्चालित कृषि पर्यटन केन्द्र सम्झनुपर्दछ ।
ग) "**प्रस्ताव**" भन्नाले कृषि पर्यटन प्रबर्द्धन तथा अर्गानिक भिलेज स्थापनार्थ सञ्चालन हुने कार्यक्रमहरुको लागि अनुदान पाउन पेश गरेको आवेदन तथा व्यवसायीक योजना सम्झनुपर्दछ ।
घ) "**अनुदान**" भन्नाले दफा ७ मा उल्लेख भए अनुसारको कार्यक्रम सञ्चालनको लागि सहयोग उपलब्ध गराइने नगद अनुदान रकम सम्झनुपर्दछ ।
ङ) "**निर्देशनालय**" भन्नाले तरकारी विकास निर्देशनालय सम्झनुपर्दछ ।
च) " **प्राविधिक तथा मूल्याङकन समिति**" भन्नाले परिच्छेद २ को दफा ८ (क) अनुसार गठित समिति सम्झनु पर्दछ ।
छ) "**उप समिति**" भन्नाले परिच्छेद २ को दफा ८ (ख) अनुसार गठित समिति सम्झनुपर्दछ ।

**४. उद्धेश्यः**

- कृषि पर्यटनको विकास तथा प्रवर्द्धन गरि ग्रामिण अर्थतन्त्रलाइ सबल बनाउने।
- ग्रामिण क्षेत्रमा रोजगारीको अवसर सृजना गर्ने, कृषक घरधुरीको आय बृद्धि गर्ने तथा ग्रामिण क्षेत्रमा बजार विस्तार गरि कृषिमा रोजगारीको अवसर सृजना गर्ने ।
- कृषि पर्यटन आय मार्फत जिवनस्तर सुधार गर्ने र परम्परागत कला, सँस्कृति तथा सँगीतको सम्वर्द्धन गर्ने ।
- स्थानीय कृषि उपजहरु माथिको बुझाइ तथा ज्ञानको सचेतना बृद्धि, स्थानीय कृषि तथा कृषि भूमिको महत्व अभिबृद्धि गरि दिगोरुपमा साना कृषकहरुलाइ सबल बनाउने ।
- बैदेशिक रोजगारीको विकल्पको रुपमा कृषि पर्यटन र अर्गानिक भिलेजलाई स्थापित गरी रोजगारीमा बृद्धि गर्ने।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन सम्बन्धी

**५.सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्नेः**

क) यस कार्यविधि अनुरुप **LMBIS** मा प्रविष्ठ भई स्वीकृत कार्यक्रममा उल्लेख भएका जिल्लाका यो कार्यक्रम सँचालन हुने स्थानमा कृषि पर्यटन प्रवर्द्धन गर्ने कार्यका लागि सहयोग पुर्याउन अनुदान दिने उद्धेश्यले तरकारी विकास निर्देशनालले राष्ट्रिय स्तरको पत्रिकामा वा सम्बन्धित जिल्लाका स्थानीय पत्रिकामा अनुसूची २ अनुसारको ३५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।
ख) उपदफा (क) बमोजिम सूचना प्रकाशन भए अनुरुप आवेदकले दफा ६ बमोजिमका सबै प्रमाण सँलग्न गरी अनुसूची ३ बमोजिमको आवेदन निर्देशनालय वा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा प्रस्ताव पेश गर्न वा दर्ता गर्न सक्नेछन।

**६.आवेदन दिन आवश्यक योग्यता**

यस कार्यविधि अनुरुप कार्यका लागि देहाय बमोजिमका सबै योग्यता पुगेका आवेदकहरुले अनुसूची ३ अनुसार आवेदन दिन सक्नेछन।

क) यस कार्यक्रमका लागि तोकिएका स्थानमा कार्यक्रम सञ्चालन गर्न इच्छुक होम स्टे सञ्चालन समिति / व्यवस्थापन समितिहरु वा कृषि पर्यटन प्रवर्द्धन समिति / व्यवस्थापन समिति वा कृषि व्यवसाय / कृषि पर्यटन व्यवसायमा आवद्ध निजी क्षेत्र बाट सञ्चालित कृषि पर्यटन केन्द्रले आवेदन दिन सक्नेछन।

ख) आवेदक कानून बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएको हुनुपर्नेछ ।

ग) निजी क्षेत्र बाट सँचालित कृषि पर्यटन केन्द्रले आवेदन दिदा निजको नेतृत्वमा कम्तिमा १० घरधुरी लाई पनि अनिवार्य समेटेर प्रस्ताव तयार गर्नु पर्नेछ ।

घ) दफा ६ को क मा उल्लेख गरिएका होम स्टे सञ्चालन समिति / व्यवस्थापन समितिहरु वा कृषि पर्यटन प्रवर्द्धन समिति / व्यवस्थापन समिति वा कृषि पर्यटन केन्द्र यो कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा कानुनतः दर्ता भइ कार्यरत नरहेको अवस्थामा सूचना प्रवाह पश्चात पनि दर्ता गरि आवेदन दिन सक्नेछन ।

ङ) आवेदकले कानून अनुसार पुरा गर्नु पर्ने सबै दायित्वहरु जस्तै लेखापरिक्षण, करचुक्ता, नविकरण पुरा गरेको हुनुपर्नेछ ।

च) होम स्टे सँचालन समिति / व्यवस्थापन समितिहरु वा कृषि पर्यटन प्रवद्धन समिति / व्यवस्थापन समिति वा कृषि पर्यटन केन्द्रले कृषि पर्यटन प्रर्वद्धनका लागि उक्त क्षेत्रमा सचिवालयकारुपमा ( व्यवस्थापकिय यूनिटका रुपमा) पनि कार्य गर्नु पर्नेछ भने आवद्ध घरधुरीहरुमा व्यवस्थित कृषि पर्यटन प्रवर्द्धनका लागि तिनको परिचालन, नियमन, अनुगमन तथा समन्वय गर्नु पर्नेछ ।

छ) आवेदकले आफ्नो निर्माण कार्यको प्राविधिक इष्टिमेट, ले-आउट पेश गर्नुपर्नेछ ।

ज) अनुसुची ४ मा उल्लेख भए अनुसारको ब्यवसायिक योजना प्रस्ताब पेश गरेको हुनु पर्नेछ ।

**७ सञ्चालन गर्न सकिने क्रियाकलापहरु**

**क. कृषि पर्यटन प्रर्वद्धन गरिने गाँउ / टोल परिसरको सरसफाइ, सुधार, सौन्दर्यिकरणः**

यस अन्तर्गत बृक्ष रोपण, फूल रोपण तथा सौन्दर्यकरण, जैविक विविधता झल्कने पार्कहरुको विकास तथा सुधार, घर वस्ती सुधार ( एकै प्रकारका घर निर्माण, एकै रङको छाना बनाउने, घर नम्बर राख्ने ) जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

**ख. पहुच सडक / बाटो र आवास सुधारः**

यस अन्तर्गत मुख्य सडकसँग सहज पहुचका लागि सडक / बाटोको स्तरोउन्नति, ढल निकास, सडक बत्ति (सौर्य ) जडान, प्रवेश द्वार वा स्वागत द्वार र कृषि पर्यटनमा सँलग्न कृषक घरधुरीको आवास सुधार (आन्तरीक तथा बाह्य) जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

**ग. फोहर व्यवस्थापनः**

यस अन्तर्गत कुहिने र नकुहिने फोहर व्यवस्थापनका लागि डस्ट विन, कम्पोष्ट खाडल निर्माण, भकारो सुधार जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

**घ. कृषि उपज तथा पशुपँक्षी उत्पादन तथा व्यवस्थापनः**

विभिन्न कृषि जन्य वालीहरुको ( सकेसम्म स्थानीय, रैथाने, स्वदेशी, खुला सेचित जातका तरकारी, खाद्यान्न, फलफूल, मसला, माछा, मौरी, लोकल कुखुरा, गाइ पालन, हाँस आदी ) सकेसम्म विषादि रहित वा आइ पि एम पद्धति बाट उत्पादन प्रवर्द्धनका लागि क्षमता अभिबृद्धि तालिम, विउ विजन सहयोग, बर्षाको पानी सँकलन, जैविक विषादी तयारी, स्थानीय परिकारहरुको प्रर्वद्धन, स्थानीय वालीहरुको

प्रशोधन तथा प्याकेजिङ जस्ता क्रियाकलापहरु सँचालन गर्न सकिनेछ भने पशुपँक्षिको हकमा गोठ सुधार जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

**ङ. कला, सँस्कृति, सँगीत तथा कोशेली केन्द्रको स्थापनाः**

स्थानीय कला, सँस्कृति, भेषभुषा तथा गीत सँगीतको सँरक्षण तथा प्रवर्द्धन गरी पर्यटकलाइ आकर्षण गर्नका लागि एक केन्द्रको स्थापना गरी सो का लागि बाद्यय बादनका सामग्रि, मौलिक पहिरनहरुको खरिद गरि उक्त केन्द्रमा राखि अन्य मौलिक वस्तुहरुको सँकलन गरि उक्त केन्द्रलाई सँग्रालयकोरुपमा विकास गर्ने तथा हरेक हप्ता सँगीत साँझ आयोजना गरि पर्यटकलाइ मनोरञ्जन दिने केन्द्रकोरुपमा सञ्चालन गर्न सकिनेछ ।

**च. प्रचार प्रसार तथा क्षमता अभिबृद्धिः**

कृषि पर्यटन लाइ प्रर्वद्धन तथा विकास गर्नका लागि स्थानीय एफ एम बाट प्रचारात्मक सामग्रि तयार गरि प्रसारण गर्ने तथा कृषि पर्यटनमा आवद्ध घरधुरी तथा होम स्टे सँचालन समिति / व्यवस्थापन समितिहरु वा कृषि पर्यटन प्रवद्धन समिति / व्यवस्थापन समिति वा कृषि प्रर्यटन केन्द्रको क्षमता अभिबृद्धि तथा गुणस्तरीय सेवा प्रवाहका लागि तालिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

**छ. माथिको दफा ७ (घ) मा राखिएका क्रियाकलापहरु मध्ये उपयुक्त क्रियाकलापहरु अनुसुची ४ अनुसारको कार्ययोजनामा अनिवार्यरुपले राखी बजेट विनियोजन गर्नुपर्नेछ ।**

**८ प्राविधिक तथा मूल्याँकन समितिको गठन तथा कार्यहरु**

क) यस कार्यविधि अनुरुप पेश हुन आएका प्रस्तावहरुको मूल्याङकन, छनौट, अनुदान सम्बन्धि नीति निर्णय र आएका समस्या निराकरण गर्न देहाय अनुसारको ५ सदस्यीय प्राविधिक तथा मूल्याङकन समिति रहनेछ ।

| | | |
|---|---|---|
| १.कार्यक्रम निर्देशक | तरकारी विकास निर्देशनालय | सँयोजक |
| २. वरिष्ठ अधिकृत | कृषि विभाग, अनुगमन तथा मुल्याँकन / योजना | सदस्य |
| ३. लेखा अधिकृत | तरकारी विकास निर्देशनालय | सदस्य |
| ४. अधिकृत प्रतिनिधि | पशु सेवा विभाग | सदस्य |
| ५. वरिष्ठ तरकारी विकास अधिकृत | तरकारी विकास निर्देशनालय | सदस्य सचिव |

यस समितिले कृषि पर्यटन सम्बन्धि विषयमा प्राविधिक तथा कानुनी राय सल्लाह लिन कानुन अधिकृत र पर्यटन व्यवसायी सँघको प्रतिनिधिलाई सदस्यका रुपमा आमन्त्रित गर्न सक्नेछ ।

ख ) कार्यविधि अनुरुप प्राप्त प्रस्तावहरुको मूल्याँकन, स्थलगत निरीक्षण एवँ प्रमाणिकरण तथा भुक्तानी सिफारिशका लागि दफा ८ क अनुसार गठित प्राविधिक तथा मूल्याँकन समितिका पदाधिकारीमध्ये वरिष्ठ अधिकृतको सँयोजकत्वमा ३ सदस्यीय उपसमिति गठन गरी काम, कर्तव्य र अधिकार समेत तोकी कार्य गराउन सक्नेछ ।

ग ) दफा ८ (ख) अनुसार गठित उपसिमितिले प्राप्त प्रस्तावहरुको मूल्याँकन गरी सिफारिस गरी पठाएका प्रस्तावहरुलाई स्वीकृत वा अस्वीकृत गर्ने ।

घ) छनौट भएका सफल प्रस्तावहरुलाइ स्वीकृत बजेटको परिधिभित्र अनुदान उपलब्ध गराउन स्वीकृति दिने ।

ङ) सञ्चालित कार्यको अनुगमन गरि कार्यान्वयनका सम्बन्धमा मार्गदर्शन दिने ।

च) अनुदान रकमको हिसाब पेश नगर्ने वा सदुपयोग नगर्ने अनुदानग्राहीलाई कारबाहीका लागि सिफारिश अघि बढाउने ।

छ) यस कार्यविधि अनुरुप अनुदान सम्बन्धी नीति निर्णय र आएका समस्या निराकरण गर्ने काम यसै समितिको हुनेछ ।

ज) स्वीकृत कार्यक्रममा स्थान नतोकिएका जिल्ला (काठमाण्डौ, चितवन र उदयपुर) को हकमा प्राविधिक तथा मूल्याङकन समितिले सम्बन्धित जिल्लाको जिल्ला कृषि विकास कार्यालयको समन्वयमा स्थान पहिचान गर्न सक्नेछ ।

## परिच्छेद ३
## प्राविधिक मूल्याङ्कन तथा छनौट

९. दफा ८ (ख) अनुसार गठीत उपसमितिले प्राप्त प्रस्तावहरुको प्रारम्भिक तथा विस्तृत मूल्याङ्कन गर्नेछ ।

१०. प्रारम्भिक मूल्याङ्कनका लागि दफा ६(क, ख, ग, घ, ङ, छ) र दफा ७ (छ) का आधारमा सूचक बनाइनेछ उक्त सूचक अनुसारका दस्तावेज पूर्णरुपमा पेश भएको प्रस्ताव लाइ प्रारम्भिक चरणमा सफल प्रस्ताव मानिनेछ भने अपूर्ण दस्तावेज पेश भएको प्रस्तावलाइ असफल प्रस्ताव मानिनेछ ।

११. दफा १० अनुसारको प्रारम्भिक मूल्याङ्कनमा सफल प्रस्तावहरुलाइ विस्तृत मूल्याङ्कनका लागि योग्य मानिनेछ र यस्ता प्रस्तावहरुलाइ अनुसूची १ अनुसार मूल्याङ्कन गरिनेछ ।

१२. प्रस्ताव मूल्याङ्कनमा राम्रो देखिएको तर स्थलगत निरीक्षणका क्रममा प्रस्तावमा पेश गरिए अनुसारको नपाइएमा त्यस्ता प्रस्तावहरुलाइ अयोग्य प्रस्तावका रुपमा उप समितिले प्राविधिक तथा मूल्याङकन समितिमा सिफारिश गर्ने छ ।

१३. उपसमितिले प्रस्तावहरुको मुल्याँकनका आधारमा उपयुक्त प्रस्ताव छनौट गरी सिफारिश सहित स्वीकृतीका लागि प्राविधिक तथा मूल्याङकन समिति समक्ष पेश गर्ने छ ।

## परिच्छेद ४
## अनुदान रकम स्वीकृति र सम्झौता

१४. दफा ८ क अनुसार गठीत प्राविधिक तथा मूल्याङकन समितिले यस कार्यविधि बमोजिम कृषि पर्यटन प्रबर्द्धनका लागि सहयोगी हुने दफा ७ मा उल्लेख भएका क्रियाकलापहरु सञ्चालनका लागि अनुदान स्वीकृति दिनेछ ।

१५. प्रस्तावमा उल्लेख भएको रकमको ५०% वा रु २५,००००० (रु पच्चिस लाख) मा जुन कम हुन्छ सोहि अनुसार अनुदान उपलब्ध गराईने छ । अनुदान रकम बाट २.५ % (दुई दशमलब पाँच प्रतिशत) रकम नबढने गरी कार्यक्रम सँचालन र व्यवस्थापन खर्च वापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवँ प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

१६. प्राविधिक तथा मूल्याङकन समिति बाट स्वीकृति प्राप्त भएपछि सो का आधारमा निर्देशनालयले अनुदानग्राहीसँग अनुसुची ५ अनुसारको प्रतिवद्धता लिइ थप Negotiation गरी अनुसूची ६ बमोजिमको सम्झौता गरी कार्यादेश दिनेछ ।

## परिच्छेद ५
## अनुदान रकम उपलब्ध गराउने र खर्च गर्ने विधि

### १७. अनुदान प्रवाह विधि

क ) अनुदान प्रवाह अधिकतम ३ किस्तामा उपलब्ध गराइनेछ ।

ख ) प्रत्येक किस्ता अनुदान रकम एकाउण्ट पेयी चेक मार्फत उपलब्ध गराइनेछ ।

ग ) प्रथम किस्ता २० प्रतिशत कार्य सकिएपछि २० प्रतिशत र दोस्रो ५० प्रतिशत कार्य सकिएपछि ४० प्रतिशत र अन्तिम किस्ता सम्पूर्ण कार्य सकेपछि प्राविधिक तथा मूल्याङकन समितिको शिफारिसमा उपलब्ध गराइनेछ ।

घ ) कार्य गरिसकेपछि उप समितिको स्थलगत प्रतिवेदन, बिल र स्वीकृत कार्य सम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गरिनेछ ।

ङ ) यस कार्यविधि अनुरुप उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख राखिनेछ ।

च ) कृषि पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम कार्यान्वयन अबधी १ आ.व.को हुनेछ ।

### १८. अनुदानग्राहीले पालना गर्नुपर्ने अन्य कुरा

क ) अनुदानग्राहीले यस कार्यविधि अनुसार सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि इत्यादिको होर्डिङ बोर्ड निर्माण स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

ख ) कार्य सञ्चालनका क्रममा कृषि विकास मन्त्रालय, कृषि विभाग, तरकारी विकास निर्देशनालय लगायत जिल्ला स्थित कार्यालयहरुबाट दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

ग ) नेपाल सरकारले चाहेमा जुनसुकै बखत अनुदानग्राहिको पूर्बाधार निर्माण तथा कार्यक्रम सञ्चालनको हिसाब सम्बन्धी किताब हेर्न सक्नेछ । हिसाब देखाउनु सम्बन्धीत अनुदानग्राहीको दायित्व हुनेछ ।

## परिच्छेद ६
## अनुगमन र विविध

### १९. अनुगमन व्यवस्था

क ) कृषि पर्यटन प्रबर्द्धन सम्बन्धी कार्यको अनुगमन कृषि विकास मन्त्रालय, कृषि विभाग लगायत तरकारी विकास निर्देशनालय, क्षेत्रीय कृषि निर्देशनालय, जिल्ला कृषि विकास कार्यालय, र प्राविधिक तथा मूल्याङकन समितिले संयुक्त वा आवश्यकता अनुसार छुट्टा छुट्टै पनि गर्नेछन ।

ख ) उपदफा (क) बमोजिम भएको अनुगमन र निर्देशन लिखित अभिलेख / प्रतिवेदन अनुदानग्राहिले सुरक्षित राख्नु पर्ने छ ।

ग ) उपदफा (क) बमोजिम प्राप्त निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

### २०. कारबाहीको व्यवस्था

क ) सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीलाइ निर्देशक समितिले अनुदान रकम रोक्का राख्न सक्नेछ ।

ख ) यस कार्यविधि बमोजिम अनुदान रकम लिइ दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाइ प्रचलित ऐन नियम बमोजिम कारबाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**२१. बाधा अड्चन निरुपण, खारेजी एवं संशोधन**

क ) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यबधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरुपण दफा ८ क बमोजिम गठित समितिले गर्नेछ ।

ख ) यो कार्यविधि कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ ।

# अनुसूचि १

## कृषि पर्यटन प्रबर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव मूल्याङ्कन फारम

**१. कृषि पर्यटन प्रबर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालनका प्राकृतिक सुन्दरता तथा अन्य श्रोत (सिचाइ, जमिन, कृषक) को उपलब्धता (१० अंक)**

(क) प्राकृतिकरुपमा सुन्दर, उपयुक्त तथा अन्य श्रोतहरुको प्रचुर उपलब्धता (१० अंक)
(ख) प्राकृतिकरुमा सुन्दर तथा अन्य श्रोतको उपलब्धता न्यून (५ अंक)
(ग) प्राकृतिक सुन्दरताको कमि तथा श्रोतको उपलब्धता न्यून (० अंक)

**२. भौतिक सुविधाको (सडक, विजुली, खानेपानी, टेलिफोन आदि) अवस्था (१५ अंक)**
(क) सबै आधारभूत भौतिक सुविधा उपलब्ध (१५ अंक)
(ख) अप्रर्याप्त भौतिक सुविधा (१० अंक)
(ग) आधारभूत भौतिक सुविधा उपलब्ध नरहेको (० अंक)

**३. पर्यटकीय आवागमनको हिसाबले स्थलगत उपयुक्तता (१५ अंक)**
(क) पर्यटक आगमन भैरहेको स्थल (१५ अंक)
(ख) भविष्यमा पर्यटक आउन सक्ने स्थल (१० अंक)
(ग) भविष्यमा पनि पर्यटक आउन सक्ने सम्भावना नदेखिएको (० अंक)

**४. आवेदकको अनुभव तथा व्यवस्थापन (२० अंक)**
(क) पहिलेदेखी होम स्टे / कृषि पर्यटन लगायतका अन्य प्रर्यटन व्यवसाय सञ्चालन गरेको (सामुहिक) (२० अंक)
(ख) पहिलेदेखी होम स्टे / कृषि पर्यटन लगायतका अन्य पर्यटन व्यवसाय सञ्चालन नगरेको तर होटेल रेष्टुरेन्ट सञ्चालक (निजी व्यवसायी) (१५ अंक)
(ग) पहिले केही पनि अनुभव नभएको (१० अंक)

**५ आवेदकले व्यहोर्ने आर्थिक श्रोतको सुनिश्चितता (१५ अंक)**

(क) व्यहोर्न सक्ने श्रोत खुलेको (१५ अंक)
(ख) व्यहोर्न सक्ने सम्भावना देखिएको (१० अंक)
(ग) व्यहोर्न सक्ने सम्भावना नदेखिएको (० अंक)

**६ प्रस्तावित नविन एव प्रभावकारी क्रियाकलापहरु (२५ अंक)**

(क) धेरै नविन एव प्रभावकारी (२५ अंक)
(ख) सामान्य नविन एव प्रभावकारी (१५ अंक)
(ग) नविन एव प्रभावकारी नदेखिएको (० अंक)

**७ स्थलगत निरिक्षण एव प्रमाणिकरण (० अंक)** (मुल्याँकनका लागि अँक नराखिएको तर अनिवार्य गर्नुपर्ने)

## अनुसूची २

## कृषि पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव आव्हानको सुचना

**सूचना । सूचना ।। सूचना ।।।**

तरकारी विकास निर्देशनालयको आर्थिक बर्ष २०७४।७५ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार निम्नानुसारका स्थानहरुमा कृषि पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरी कृषि र पर्यटन व्यवसायका माध्यम द्वारा ग्रामिण कृषकहरुको आयस्तर बृद्धि तथा ग्रामिण रोजगारी सृजना गरी गरिबी निवारणमा टेवा पुऱ्याउनका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक होम स्टे सँचालन समिति ⁄ व्यवस्थापन समितिहरु वा कृषि प्रर्यटन प्रवर्द्धन समिति ⁄ व्यवस्थापन समिति वा कृषि व्यवसाय ⁄ कृषि पर्यटन व्यवसायमा आवद्ध निजी क्षेत्रबाट सँचालित कृषि पर्यटन केन्द्रहरु बाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा अनुसूची ३ अनुसारको कागजातहरु एवं अनुसूची ४ अनुसारको व्यवसायिक प्रस्ताव सहित आवेदन दर्ताका लागि आव्हान गरिएको छ । यस सम्बन्धी कार्यविध तरकारी विकास निर्देशनालयको वेभसाइट (www.vdd.gov.np) मा राखिएको छ । थप जानकारीका लागि तरकारी विकास निर्देशनालय ( ०१ ५५२३७०१ ) मा वा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।

**निम्नः**

**१. काभ्रेः सल्ले जामुने**
**२. सुनसरीः माछामारा**
**३. चितवन**
**४. काठमाण्डौ**
**५. उदयपुर**
**६. कैलालीः घोडाघोडी**
**७. सोलुखुम्बुः पत्ताले**
**८. नुवाकोटः ककनी**

| |
|---|
| रु १० को टिकट |

**अनुसूची ३**

**आवेदन फारम**

श्रीमान कार्यक्रम निर्देशक ज्यू, मितिः
तरकारी विकास निर्देशनालय,
खुमलटार ।

**विषयः कृषि पर्यटन प्रवर्द्धनका लागि अनुदान सम्बन्धमा।**

महोदय,
प्रस्तुत विषयमा तहाँ निर्देशनालय बाट सूचना भए अनुसार कृषि पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि व्यवसायिक योजनामा उल्लेख भए अनुसारका कृषि पर्यटन प्रर्वद्धन कार्यक्रम सँचालन गर्नका लागि (**आवेदकको नाम तथा ठेगाना**)...... ................................... ले व्यवसायिक योजना तथा अनुसूचीहरुमा उल्लेख भए बमोजिमका क्रियाकलापका लागि जम्मा रकम रु........................./-(अक्षेरुपी ....... .......................................................) को योजना तयार गरी आवश्यक अन्य काजगातहरु सहित अनुदान सहयोगको लागि पेश गरेको ब्यहोरा अनुरोध गर्दछु । योजनामा उल्लेख भएको कुल बजेटमध्ये तहाँ निर्देशनालय बाट नियमानुसार उपलब्ध हुने अनुदान रकम रु ......................./ ( अक्षेरुपी...... ............................) बाहेकको अन्य रकम (**आवेदकको नाम** ).... .......................ले नगद तथा जिन्सी एवं श्रमदान गरी रु......................./ /-( अक्षेरुपी.... ............) बराबरको योगदान गर्न सहमत रहेको हुदा तहाँ निर्देशनालय बाट सञ्चालित यस कार्यक्रमा छनौट गरिपाउँ भनी अनुरोध छ । साथै तपिशल अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरेको व्यहेरा अनुरोध छ ।

**संलग्न कागजातहरु**

१. रु १० को टिकट टाँसेको अनुसूचि ३ अनुसारको निवेदन
२. दर्ता, नविकरण, कर चुक्ता, स्थायी लेखा नम्बर तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
३. कृषि पर्यटनमा आवद्ध हुने घरधुरीको नाम, परिवार सँख्या, जमिनको क्षेत्रफल, लगाइने कृषि वाली वा पशुपक्षी तथा पर्यटकीय सेवाका लागि उपलब्ध सेवा सम्बन्धी विवरण सहितको प्रोफायल
४. कृषि पर्यटन प्रर्वद्धनका क्रियाकलाप सहितको अनुसुची ४ अनुसारको योजना ।
५. आवेदक सँग रहेको नगद मौज्दातको प्रमाण र लगानीका श्रोतहरुको आधार ।
६. प्रस्तावित स्थानमा १२ महिने सडक, विजुली, खानेपानी, टेलिफोन सुविधा रहे नरहेको प्रमाण ।
७. प्रस्तावित स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनलाई सहयोग हुने अन्य केही भए ।

निवेदक
नामः
ठेगानाः
छापः

## अनुसूची - ४

## कार्य योजना (प्रस्ताव)का सक्षिप्त ढाँचा

**१. आवेदकको नाम र ठेगानाः**

**२. कृषि  पर्यटन सञ्चालन हुने स्थानको नामः**

**३. सञ्चालन हुने स्थान र मुख्य बाटोको दुरी तथा बाटोको अवस्थाः**

**४. सञ्चालन हुने स्थानमा उपलब्ध भौतिक सुविधाहरु**

(यसमा कृषि पर्यटन सञ्चालन हुने स्थानमा उपलब्ध भौतिक सुविधाहरु जस्तै सडक, खानेपानी, विद्युत, टेलिफोन लगायतका अन्य सुविधाहरुको बारेमा उल्लेख गर्ने )।

**५. आवेदकसँग कृषि पर्यटन वा होम स्टे जस्ता पर्यटकीय क्षेत्रमा भएका अनुभव तथा क्षमता**

(यसमा आवेदकले कृषि पर्यटन वा होम स्टे जस्ता पर्यटकीय क्षेत्रमा भएका अनुभव तथा क्षमता जस्ता कुराहरु उल्लेख गर्दै कति घरधुरी  कृषकहरु कृषि प्रर्यटन कार्यक्रममा सहभागी हुनेछन र ती कृषक घरधुरीमा कति जना पाहुना पर्यटकहरुलाइ बास बसाउने क्षमता छ सो को उल्लेख गर्ने )

**६. कृषि पर्यटन प्रवद्धन कार्यक्रमको सँचालन तथा व्यबस्थापकीय जिम्मेवारी**

(यसमा प्रस्तावित स्थानमा कृषि पर्यटन प्रवर्द्धनका लागि प्रस्तावित कार्यक्रमहरु कसको नेतृत्वमा कसरी सँचालन हुनेछन र सँलग्न घरधुरीहरु कसरी परिचालित हुनेछन स्पष्ट खाका तथा मोडेलको बारेमा प्रष्ट पार्नुहोस )

### ७. कृषि पर्यटन प्रर्वद्धनका लागि प्रस्तावित क्रियाकलाप तथा बजेट

| क.स. | क्रियाकलाप* | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

*दफा ७ घ मा उल्लेख भएका क्रियाकलापहरु मध्येका उपयुक्त क्रियाकलापहरु अनिवार्यरुपमा प्रस्ताव गर्नुपर्नेछ ।

### ८. क्रियाकलाप कार्यान्वयन कार्ययोजना

| क्रियाकलापहरु | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बै | जे | असा | सा | भ | अ | का | मँ | पु | म | फा | चै |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

### ९. कृषि पर्यटन प्रर्वद्धन का लागि प्रस्ताव गरिएका नविन एँव प्रभावकारी क्रियाकलाप तथा तिनले पार्ने प्रभाव

### १०. भावि योजना तथा कार्यदिशा

**आवेदकको**

नाम

आवेदकको छाप:

ठेगाना

दस्तखत:

मिति:

नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा बिस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

अनुसूची - ५

# प्रतिबद्धता-पत्र

तरकारी विकास निर्देशनालयको मिति २०७..../ ..../ ....को सूचना अनुसार कृषि पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटीमा ३ (तीन) बर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अनुसारको कार्य नगरेमा वा ३ (तीन) बर्ष भन्दा अगावै सो कार्यहरू बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु/छौं अन्यथा ऐन कानुन बमोजिम सहुंला/बुझाउंला । साथै सन्चालित कृयाकलापबाट वातावरणलाई असर नपुर्याउने प्रतिबद्धता समेत ब्यक्त गर्दछु/छौं । इतिसम्बत २०७...../ ..../ .....गते रोज ...... शुभम् ।

नाम :

पद :

ठेगाना :

दस्तखत :

मिति :

अनुदाग्राहीको छाप :

| दाँया | बाँया |
|---|---|
| | |

## अनुसूची - ६

## सम्झौता-पत्र

१. यो सम्झौता पत्र तरकारी विकास निर्देशनालय (प्रथम पक्ष) र सम्बन्धित अनुदानग्राही (दोश्रो पक्ष) बीच कृषि पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ ।
२. सम्झौता भएको मितिदेखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।
३. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिनभित्र शुरु गर्नुपर्नेछ ।
४. कृषि पर्यटन प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोश्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार ३ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ । प्रथम किस्ता २० प्रतिशत कार्य सकिएपछि २० प्रतिशत र दोस्रो ५० प्रतिशत कार्य सकिएपछि ४० प्रतिशत र अन्तिम किस्ता सम्पूर्ण कार्य सकेपछि प्राविधिक तथा मूल्याङकन समितिको शिफारिसमा उपलब्ध गराइनेछ । अनुदान रकम एकाउन्ट पेयी चेक मार्फत उपलब्ध गराइनेछ ।
५. अनुदान प्राप्त हुने रकमको अधिकतम २.५ (दुइ दशमलब पाँच) प्रतिशत रकम व्यवस्थापन खर्च बापत पहिलो पक्षले प्रयोग गर्ने छ ।
६. किस्ता भुक्तानी गर्दा प्राविधिक तथा मूल्याङकन समिति को सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ ।
७. किस्ता भुक्तानीका लागि बील सहितको सम्पन्न प्रतिवेदन तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बीलहरु प्राप्त भएपछि उप समितिको प्रतिवेदन तथा प्राविधिक तथा मूल्याङकन समितिको सिफारीशका आधारमा भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ ।
८. कृषि पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु १ आ.व. वर्ष भित्र सम्पन्न गर्नुपर्नेछ ।
९. दोश्रो पक्षले कार्य गर्दा सम्बन्धीत प्राविधिक तथा मूल्याङकन समितिको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ ।
१०. दोश्रो पक्षले सँचालित क्रियाकलापहरुको सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

| | |
|---|---|
| ............................ | ................................ |
| प्रथम पक्षका तर्फबाट | दोश्रो पक्षका तर्फबाट |
| नामः | नाम : |
| पदः | पद : |
| कार्यालयको नाम र छापः | अनुदानग्राहीको नाम र छापः |

## साक्षिहरु